तिहार बजार

तीन अर्बको भाइमसला मूल्य भने सबैको बढ्यो



लक्ष्मी सापकोटा
काठमाडौँ, कात्तिक १७ गते

तिहारलाई लक्ष्य गरेर तीन अर्ब रुपियाँ बराबरको भाइमसला (ड्राई फ्रुट्स) आयात भएको छ। व्यापार प्रवर्धन तथा निकासी केन्द्रको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा (साउन-असोज) तीन अर्ब सात करोड ५३ लाख २३ हजार रुपियाँ बराबरको एक करोड ७८ लाख ११ हजार ९६६ केजी भाइमसला आयात भएको छ। सो आयातबाट एक अर्ब ३७ करोड ४३ रुपियाँ राजस्व सङ्कलन भएको छ।

तिहारमा बजारमा भाइमसलाको खपत धेरै हुने हुँदा व्यवसायीले विभिन्न मुलुकबाट भाइमसला आयात गर्ने गरेका छन्।

भाइटीकामा दिदीबिहिनीले दाजुभाइलाई ओखर, काजु, बदाम, किसमिस, नरिवल, छोकडा, सुपारीललगायतका मसला दिने चलन छ। केन्द्रका वरिष्ठ तथ्याङ्क अधिकृत कृष्णराज बजगाईंले अन्य समयका तुलनामा तिहारका लागि धेरै परिणाममा 'ड्राई फ्रुट्स' आयात हुने गरेको जानकारी दिनुभयो।

केन्द्रका अनुसार तीन महिनामा ५८ करोड ७५ लाख ५९ हजार रुपियाँ बराबरको एक करोड १९ लाख ८१ हजार ४४६ केजी नरिवल आयात भएको छ। सो अवधिमा ४७ करोड ९३ लाख ३५ हजार रुपियाँ बराबरको पाँच लाख नौ हजार ७८ केजी बदाम आयात भएको छ।

सो अवधिमा ६५ करोड ३९ लाख ९९ हजार रुपियाँ बराबरको पाँच लाख ५३ हजार ५४४ केजी ओखर आयात भएको छ। ओखर विशेष गरी चीन र अमेरिकाबाट बढी आयात भएको देखिन्छ।

यस्तै ४६ करोड ५७ लाख २६ हजार रुपियाँ बराबरको चार लाख ६९ हजार ४५१ केजी काजु र ८४ करोड ७७ लाख सात हजार रुपियाँ बराबरको ३२ लाख ४० हजार किलो सुपारी आयात भएको छ।

यस्तै ३० लाख रुपियाँ बराबरको एक हजार ९५७ किलो पेस्ता, चार लाख ४३ हजार रुपियाँ बराबरको खजुर र छ लाख ५९ हजार रुपियाँ बराबरको अन्य नट्स आयात भएको केन्द्रको तथ्याङ्क छ। भारत, कतार, भियतनाम, चीन, मेलेसिया, सिङ्गापुर, इन्डोनेसिया, कोरिया, थाइल्यान्ड, युएई, अमेरिकालगायत अन्य मुलुकबाट ड्राई फ्रुट्स आयात हुने गर्छन्।

किनमेल बढ्यो

यसैबिच तिहार नजिकिएसँगै बजारमा भाइटीकाका लागि आवश्यक पर्ने मसलाको किनमेल बढ्न थालेको छ। काठमाडौँको नयाँ सडकको मखनगल्लीमा रहेका मसला पसलमा सामान किनमेल गर्ने ग्राहकको भिड लाग्न थालेको छ। यो वर्ष अधिकांश भाइमसलाको मूल्य बढेको छ। विक्की स्टोरका सञ्चालक विक्की शैनियारले तिहार नजिकिँदै गर्दा भाइमसलाको किनमेल गर्ने बढ्दै गएको जानकारी दिनुभयो। अन्य समयको तुलनामा तिहारमा भाइमसलाको खपत हुने हुँदा व्यापार बढ्ने गरेको उहाँको भनाइ छ।

व्यवसायीका अनुसार यसपालि भाइमसला प्रतिकेजीमा १५० देखि दुई सय रुपियाँ मूल्य बढेको छ। मूल्य बढेर आएको भन्दै व्यवसायीले पसलपिच्छे फरक फरक मूल्य लिँदा त्यसको असर उपभोक्तालाई परेको छ।

व्यवसायीका अनुसार बजारमा काजु प्रतिकेजी एक हजार आठ सयदेखि दुई हजार दुई सय रुपियाँ मूल्य रहेको छ। किसमिस प्रतिकेजी सात सयदेखि ७५०, पेस्ता प्रतिकेजी तीन हजार सात सयदेखि तीन हजार ७५० रुपियाँ मूल्य रहेको छ। यस्तै बदाम प्रतिकेजी एक हजार आठ सय, ओखर प्रतिकेजी ५५० देखि छ सय मूल्य रहेको छ।

ल्वाङ प्रतिकेजी एक हजार नौ सय, सुकमेल प्रतिकेजी सात हजार, मिश्री १८० देखि दुई सय, दालचिनी प्रतिकेजी ७५० र अन्जिर एक हजार आठ सयदेखि दुई हजार रुपियाँ मूल्य रहेको छ।

पच्चिस वर्षका लागि 'नेपाल विकास दृष्टिकोण' तर्जुमा गर्ने गृहकार्य

गोरखापत्र समाचारदाता
काठमाडौँ, कात्तिक १७ गते

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टले विकास र लगानीलाई एउटै क्षेत्रमा केन्द्रित गर्ने पुरानो शैलीले मुलुकलाई ठुलो आर्थिक र भौतिक जोखिममा पारेको बताउनुभएको छ। अब लगानी र विकास कार्यक्रमलाई देशव्यापी रूपमा विकेन्द्रीकरण गर्नुपर्ने उहाँको भनाइ छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले मङ्गलबार राजधानीमा आयोजना गरेको 'नेपालमा योजनादेखि समृद्धि-सुदृढीकरण सार्वजनिक लगानी व्यवस्थापन' विषयक कार्यक्रममा उहाँले योजना आयोगले आगामी २५ वर्षका लागि 'नेपाल विकास दृष्टिकोण' तर्जुमा गर्ने गृहकार्य गरिरहेको जानकारी दिनुभयो। विगतमा सात/आठ प्रतिशतसम्म आर्थिक वृद्धि हासिल भएको स्मरण गराउँदै उच्च वृद्धिका लागि निजी क्षेत्र, प्राज्ञिक वर्ग र सरकारबिच निरन्तर संवाद आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो। लगानी एकै ठाउँ केन्द्रित गर्दा हालैको बाढीपहिरोले जलविद्युत् क्षेत्रमा सबैभन्दा बढी क्षति पुऱ्याएको उल्लेख गर्दै भन्नुभयो, "एउटै खोलामा १३/१४ वटासम्म हाइड्रोपावर बनाउँदा विपत् आउँदा सबै आयोजना एकसाथ बगाउने र ठुलो क्षति हुने देखियो। निजी वा सरकारी जुनसुकै लगानी होस्, अब विकेन्द्रीकृत र विविधीकृत गर्ने पर्छ।"

'नेपालमा सार्वजनिक लगानी, रणनीतिक प्राथमिकता, वित्तीय छनोट र विकास परिणाम' विषयमा कार्यपत्र प्रस्तुत गर्दै पूर्वमुख्य सचिव डा. वैकुण्ठ अर्यालले सरकारले बाटो बनाउने र गाडी निजी क्षेत्रले कुदाउने स्पष्ट सीमारेखा कोर्नुपर्ने बताउनुभयो।

ललितपुर महानगरपालिका
नगर कार्यापालिका कार्यालय
पुल्चोक, ललितपुर
सूचना सच्याइएको सम्बन्धमा।

मितिः २०८३/०७/१८

यस कार्यालय बाट मितिः२०८३/०७/१३ मा राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित बोलपत्र सम्बन्धी ठेक्का नं. LMC-NCB-WORKS-2083/84-06 को सूचनामा तपसिल बमोजिम सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	विवरण	सार्विक सूचनामा भएको विवरण	सच्याइएको विवरण
1	Contract ID	LMC-NCB-WORKS-2083/84-06	LMC-NCB-WORKS-2083/84-08
2	Last Date & time of Purchase Bid Documents	२०८३/०८/०३(19th November, 2026 at 17:00 PM)	२०८३/०८/०3(19th November,2026 at 16:00 PM)
3	Cost Estimate without Vat but Including PS)	NRs.6,103,787.16	NRs.6,103,878.16

कर्जा चुक्ता गर्न आउने बारे दोस्रो पटक प्रकाशित १५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यले विभिन्न मितिमा लिएको कर्जा वापत संस्थालाई समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज लगायतका रकमहरु नतिरी, नबुझाई लामो समयसम्म त्यसै बस्नु भएकाले संस्थाबाट पटक-पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि ऋण तिर्ने बुझाउने तर्फ कुनै चासो नदेखाई ऋण सम्बन्धि संस्थामा कबुल गरेका शर्त बन्देजहरु उल्लंघन गर्नु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले संस्थामा बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जना रकम संस्थामा दाखिला गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र ऋण रकम चुक्ता नगरेमा सहकारी ऐन नियम र संस्थाको विनियम बमोजिम कर्जा सुरक्षाको लागि राखेको धितो लिलाम बिक्री गरी वा अन्य कानूनी कारवाही अबलम्वन गरी संस्थाको लेना रकम असुल उपर गरिने छ। साथै धितो लिलामीबाट संस्थाको लेना रकम असुल उपर हुन नसके ऋणी तथा व्यक्तिगत जमानी दिने व्यक्तिहरुको अन्य चल अचल सम्पत्ति समेतबाट असुल उपर गरी ऋणी सदस्यलाई कालो सूचीमा समाबेस गर्ने तर्फ कारबाही अगाडी बढाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

ऋणीको नाम थर र ठेगाना
कृष्ण प्रसाद पौडेलको बुहारी यज्ञश्वर शाहको छोरी बासुदेव पौडेलको श्रीमती जाजरकोट जिल्ला गर्खाकोट गा.बि.स. वडा नं. २ घर भई हाल का.जि. नागार्जुन न.पा. वडा नं. ६ बस्ने श्रीमती निर्मला शाहा



धितो जमानी दिनेको नाम थर, ठेगाना
१)जंग बहादुर शाहको नाती डबल बहादुर शाहको छोरा का.जि.नागार्जुन न.पा. वडा नं. ६ बस्ने श्री प्रकाश शाह।



२)हर्क बहादुर कडेलको नाती डिल्ली बहादुर कडेलको छोरा का.जि. नागार्जुन न.पा. वडा नं. ६ बस्ने श्री लक्ष्मण कुमार कडेल।



ऋणीको धितो सुरक्षण विवरण
ऋणी स्वयंको नाममा मालपोत कार्यालय लगनखेलमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, लामाटार गा.वि.स न.पा. वडा नं.५(भ्क) को कित्ता नं.९० को क्षेत्रफल ६९९.४८ (१-६-०-०) घर/जग्गा साथै सो जग्गाले चर्चको सम्पूर्ण लिगलिगा पातहरु समेत ।

क्वेष्ट बचत तथा ऋण सहकारी संस्था लि.
क्षेत्रपाटी, वडा नं. १७, काठमाण्डौं, सम्पर्क ०१-५३१५३५३

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौँ

संस्थागत विद्यालयको स्थान परिवर्तन सम्बन्धी सूचना

यस नगरपालिका अन्तर्गत तपसिल अनुसारको संस्थागत विद्यालयबाट स्थान परिवर्तन गरिपाऊँ भनी कम्पनी रजिस्ट्रारको कार्यालयबाट प्राप्त पत्र तथा सम्बन्धित वडा कार्यालयहरूको सहमति पत्र संलग्न गरी निवेदन प्राप्त भएको हुँदा निम्न संस्थासँग कुनै व्यक्ति वा सङ्घ संस्थाको कुनै किसिमको दाबी विरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिखित निवेदन साथ यस कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल-**

क्र.सं.	विद्यालयको नाम	साबिकको ठेगाना	स्थानान्तरण हुन चाहेको ठेगाना	कै.
१	शेडवरी ईन्टरनेशनल बोर्डिङ स्कुल	चन्द्रागिरि नगरपालिका-१ दहचोक, खहरे	चन्द्रागिरि नगरपालिका-४, खरिबोट	

राष्ट्रिय समाचार समिति
केन्द्रीय कार्यालय
भद्रकाली प्लाजा, काठमाडौँ

भाडामा लगाउनेसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०७।१८)

राष्ट्रिय समाचार समिति (राससस)को चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १० स्थित राससस भवन भाडामा लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट निर्धारण गरिएको न्यूनतम मासिक भाडादरभन्दा कम नहुने गरी आफूले कबोल गरेको मासिक भाडादर उल्लेख गरी रीतपूर्वकको सिलबन्दी बोलपत्र पेस गर्न यो सूचना आह्वान गरिन्छ। बोलपत्रसम्बन्धी विस्तृत विवरण, सर्त तथा अन्य जानकारीका लागि राससको वेबसाइट rssnepal.org.np/publicaion मा हेर्नुहुन अनुरोध छ।

Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Federal Roads Supervision and Monitoring Office, Kathmandu
Road Division Hetauda, Makwanpur
Date of Publication: 2083/07/18 (November 04, 2026)

Notice of Amendments

Following Amendments have been made for the below mentioned Contracts and this notice has been issued for the information to all the concerned.

S.N.	Notice No.	Date of notice publication	Contract No.	Last date of Bid Purchases	Last date of Bid Submission	Bid Opening Date
1	07/2083/084	2083/06/30	TRP/RDHTD/ 33701130/083/84-26	Up to 2083/08/09 during office hours	2083/08/10 up to 12:00 hours	2083/08/10 at 13:00 hours
2	07/2083/084	2083/06/30	TRP/RDHTD/ 33701130/083/84-27	Up to 2083/08/09 during office hours	2083/08/10 up to 12:00 hours	2083/08/10 at 13:00 hours

Similarly, Bill of Quantities (BoQ) for Contract No. TRP/RDHTD/33701130/083/84-26 has also been amended.

S.N.	Notice No.	Date of notice publication	Contract No.	Amendments
1	06/ 2083/084	2083/06/09	SRCTIP-DOR-WPM-RDHTD-NCB-56, SRCTIP-DOR-WPM-RDHTD-NCB-57 & SRCTIP-DOR-WPM-RDHTD-NCB-58	Section III, Evaluation & Qualification Criteria Clause No. 2.4.2 (a) Contracts of Similar size & Nature **At least one (1) Contract of Asphalt Road Construction Works** *has been replaced by* **At least one (1) Contract of Bituminous Road Construction Works**

The bidders who have already purchased Bid Documents from Road Division Hetauda are requested to receive amended Bid Document from Road Division Hetauda, Makwanpur.

Division Chief

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा, झापा
कोशी प्रदेश, नेपाल।

नदीजन्य पदार्थको बिक्रीका लागि सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति : २०८३।०७।१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२(क) र यस गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा १० को अनुसूची (९) को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्र अथवा २०८२/८३ को कर चुक्ता Extension र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना (Hardcopy SQ) प्रकाशन गरिएको छ।

तपसिलः

सि. नं.	सूचना नं./सिलबन्दी दरभाउपत्र नं.	सिलबन्दी दरभाउपत्रको नाम	न्यूनतम सिलबन्दी दरभाउपत्र रकम (मू.अ. कर समेत)	सिलबन्दी दरभाउपत्र फाराम दस्तुर	सिलबन्दी दरभाउपत्र धरौटी र मान्य अवधी	सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय	सिलबन्दी दरभाउपत्र खोलिने मिति र समय
१	SQ/JHAPA/ JRM/01/2083-84	बिरिङ्ग खोलाको नदीजन्य पदार्थ संकलन तथा बिक्री	१९,६१,४५१।३६६	१,०००।००	४४,०००।०० पेश गर्ने अन्तिम मितिबाट ७५ दिन	२०८३/०८/०२ दिनको ३:०० बजेभित्र	२०८३/०८/०२ दिनको ३:३० बजे

नोटः

१) **सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन : २०८३।०८।०१ कार्यालय समयसम्म,**

२) **सिलबन्दी दरभाउपत्र खरिद गर्ने स्थान : झापा गाउँपालिकाको कार्यालय तथा वडा नं. ५ र ६ को कार्यालय।**

सर्तहरूः

१) योग्य सिलबन्दी दरभाउपत्र दाताहरूले यस सम्बन्धी थप जानकारीका लागि झापा गाउँ कार्यपालिकाको कार्यालय, टाघनडुब्बा, झापामा वा ९८५२६३०९०० वा jhapagaunpalika@gmail.com मा सम्पर्क राख्न सक्नेछन्।

२) योग्य सिलबन्दी दरभाउपत्र दाताहरूले सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरू झापा गाउँ कार्यपालिकाको कार्यालय, टाघनडुब्बा, झापा र वडा नं. ५ र ६ को कार्यालयबाट प्राप्त गर्न सक्नेछन्। सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर रु. १,०००।०० (फिर्ता नहुने) यस कार्यालयको नाममा NIC ASIA BANK Ltd. स्थित रहेको खाता नं. 2022050512514014 मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ।

३) सिलबन्दी दरभाउपत्र दाखिला गर्ने सिलबन्दी दरभाउपत्र दाताले रु. ४४,०००।०० धरौटी यस कार्यालयको नाममा NIC ASIA BANK Ltd., JHAPA BAZAR BRANCH स्थित रहेको धरौटी खाता नं. K2CA051251452407 मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ वा मान्यता प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको ७५ दिन म्याद (सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) भएको बिडबन्ड धरौटी (Bid Security) स्वरूप पेश गर्नुपर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र
कीर्तिपुर, काठमाडौँ

बोलपत्र आह्वानको सूचना (Hard Copy Only)

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०७।१८

यस केन्द्रका लागि आ.व. २०८३/०८४ मा आवश्यक पर्ने तपसिल बमोजिमको खरिद गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यस सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत जानकारीका लागि यस केन्द्रको वेबसाइट **www.nartc.gov.np** वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ। साथै बोलपत्र केन्द्रबाट Hard Copy नै खरिद गर्नुपर्नेछ।

तपसिल

क्र.सं.	ठे.नं.	कामको विवरण	बोलपत्र दस्तुर	धरौटी रकम	ठेक्काको मूल्याङ्कन	बोलपत्र खरिदको अन्तिम मिति र समय	बोलपत्र दर्ताको अन्तिम मिति र समय
१	NARTC/G/NCB-2A/2083-84	The Procurement of Panchakarma Equipment.	३,०००।-	८०,०००।-	प्याकेज	२०८३ मङ्सिर ८ गते कार्यालय समयसम्म	२०८३ मङ्सिर ९ गते दिनको १२:०० बजेभित्र
२	NARTC/G/NCB-2B/2083-84	The Procurement of Flat Panel Detector System.	३,०००।-	५०,०००।-	प्याकेज		
३	NARTC/G/NCB-3/2083-84	Procurement of Pathology Lab Requirements, Imaging Unit Requirements, Accupuncture Unit Requirements, Physotherapy Requirements, Salya Unit Requirements and Dental Requirements.	३,०००।-	६०,०००।-	प्रति एकाइ दरमा		

कार्यकारी निर्देशक

Government of Sudurpaschim Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Gothalapani, Baitadi

Notice for Invitation of Bids

Date of publication: 2083/07/18 [4 Nov, 2026]

1. Infrastructure Development Office Baitadi invites sealed bids (Hardcopy Only) from Nepalese eligible bidders for the construction of ***Following Roads*** under National Competitive Bidding procedures. The estimated amount and detail for the works is as follows

S. N.	Contract Identification No.	Description of Work	Estimated Amount (NRS.) without VAT & Contingency but including PS	Bid Security amount	Cost of Bid Document (NRs.)
1	IDOBTD/NCB/W/ R/083-084/01	Construction and Upgrading of Dethala Naugad Khar Khalanga Road, Darchula	4,313,060.38	1,10,000	3,000.00
2	IDOBTD/NCB/W/ R/083-084/02	Maintenance Work of Two Different Roads, Baitadi	4,316,922.85	1,10,000	3,000.00

2. **Bank Information:**

Name of Bank	Office Account Number and Name	Bid Purchasing Deadline	Bid Submission Deadline	Date and Place of Bid Opening
Rastriya Banijya Bank, Gothalapani Branch, Baitadi	For Bid Document Fee: (Infrastructure Development Office, Baitadi)1000100200010000 For Bid Security Deposit Fee: (Infrastructure Development Office, Baitadi) 40500100202030000 Office Code: 3370174017	2083/08/08 [24 Nov, 2026] 16:00 (Office Hours)	2083/08/09 [25 Nov, 2026] 12:00 Hrs	2083/08/09 [25 Nov, 2026] 13:00 Hrs; Infrastructure Development Office, Gothalapani, Baitadi

3. Infrastructure Development Office Baitadi reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever. For more details; Email Address: idobtdp7@gmail.com, Contact No.: 095520518 or may visit IDO website: idobaitadi.sudurpashchim.gov.np
4. If the last date of purchasing, submission and opening fall on a government holiday then the next working day shall be considered as the last day.

Office Chief